Think Alternative! Do Alternative!
ALTERNATIVE FOUNDATION

## साइन्सबेस्ड अप्रोचका आधारमा राज्य र राजनीतिक दलका नीति परीक्षण गरिएको

# नीति परीक्षण प्रतिवेदन २०८०

### १९१० को मुलुकी ऐनदेखि नेपालको संविधानसम्म

**प्रेस विज्ञप्ति**

**आदरणीय पत्रकार साथीहरू,**

नीति परिक्षण २०८०, अल्टरनेटिभ फाउडेशनको एक नविनतम् प्रयास हो । यस नीति परीक्षणमार्फत देश र विज्ञान प्रविधिको विकास हुन नसक्नुमा नीतिगत पक्ष कति जिम्मेवार छ भनेर लेखाजोखा गर्ने प्रयास गरिएको छ । यो प्रयासले देश र विज्ञान प्रविधिको विकासमा दीर्घकालिन महत्व राख्ने विश्वास लिइएको छ । हामीलाई थाहाँ भएअनुसार साइन्सबेस्ड अप्रोचमा आधारित नीति परिक्षण नेपालका लागि पहिलो पहल हो । २०७९ माघदेखि सूरू भई करिब नौ महिनामा अध्ययन प्रतिवेदन तयार भएको छ । यो अध्ययन प्रतिवेदन सरकार र राजनीतिक दललाई पोलिसी सिफ्टका लागि सहयोगि हुने अपेक्षा गरिएको छ ।

**साइन्सबेण्ड अप्रोचको संक्षिप्त परिभाषा**

मूलतः साइन्सबेस्ड अप्रोच (विज्ञानमा आधारित दृष्टिकोण) भनेको समस्याको स्रोत अर्थात् जरैसम्म पुगेर सम्बोधन गर्ने अवधारणा हो । अग्रगामी सोच, सापेक्ष नीति र दृष्टिकोण, समानता र बराबरीमा आधारित सामाजिक प्रणाली, योजनाद्वारा निर्देशित, क्षमतालाई प्रोत्साहन, सृजनशीलता एवम् इनपुट केन्द्रित विधि, तथ्य र तथ्याङ्कमा आधारित कार्यनीति र विश्वास नै विज्ञानमा आधारित अवधारणा हो । परिणामहीनता, काल्पनिकता, कुतर्क, नकारात्मकता, यथास्थिति र निरपेक्षता, असमानता र विभेद, आउटपुट केन्द्रित कार्यशैली, ढिलासुस्ती र परम्परागत मूल्यलाई प्रश्रय आदि विज्ञानमा आधारित दृष्टिकोणको विपरीत हो ।

**नीति परीक्षणका मुख्य सूचक**

अल्टरनेटिभ फाउण्डेसन वैज्ञानिक खोज-अनुसन्धान र प्रयोगका माध्यमद्वारा वैज्ञानिक संस्कार र समाज निर्माण गरी मानवता हासिल गर्नमा योगदान पुऱ्याउने ध्येयले स्थापित फाउण्डेसन हो । निर्धारित लक्ष्य हासिल गर्न फाउण्डेसनले साइन्सबेस्ड अप्रोचको अवधारणा विकास र प्रयोग गर्दै आइरहेको छ । यसै सन्दर्भमा, नीति परीक्षण परियोजनाका लागि फाउण्डेसनको बोर्ड र विज्ञको टिमले निम्नबमोजिम सूचक निर्माण गरी यिनै सूचकका आधारमा नीति परीक्षण गरिएको छ :

१. नीतिले समस्याको स्रोतलाई सम्बोधन गर्छ
२. नीतिमा अग्रगामी सोच प्रतिविम्बित छ



३. नीति सापेक्षित छ
४. नीतिले सृजनशीलतालाई प्रोत्साहन गर्छ
५. नीति इनपुट केन्द्रित छ
६. नीति निर्माणमा तथ्य र तथ्याङ्कको प्रयोग हुने गरेको छ
७. नीतिले विज्ञान-प्रविधिको विकासमा असर गरेको छ

**संक्षिप्त अध्ययन विधि तथा प्रक्रिया**

यस अध्ययनमा संविधान, ऐन, कानुन, नियमावली, निर्देशिका, कार्यविधि आदिलाई प्रतिनिधित्व गर्न समग्रमा 'नीति' शब्द प्रयोग गरिएको छ । नीति परीक्षण २०८० ले मुख्यतः विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई केन्द्रमा राखेर संविधान र सरकारका मौजुदा नीति तथा कार्यक्रम, बजेट, पञ्चवर्षीय योजना, प्रमुख राजनीतिक दलका घोषणा-पत्र आदिको अध्ययन गरेको छ । राज्य र प्रमुख चार राजनीतिक दलका नीतिगत दस्तावेजलाई साइन्सबेस्ड अप्रोचका आधारमा विकास गरिएका सूचकको कसीमा राखी परीक्षण तथा विश्लेषण गरिएको छ । अध्ययनकाक्रममा सन्दर्भसामाग्रिको अध्ययन, मुख्य उत्तरदाता अन्तर्वार्ता (केआइआई) र सरोकारवालासँग छलफलसमेत गरिएको छ । विविध क्षेत्रमा नीति निर्माण तहमा जोडिएर काम गरिरहेका व्यक्तिहरूसँगको अन्तर्वार्तालाई प्राथमिक स्रोत र सन्दर्भ-सामग्री एवम् मौजुदा नीतिलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

**तथ्याङ्कको प्रकृति र स्रोत**

देश विकासका लागि सुशासन, विज्ञान-प्रविधिको विकास र प्रयोग, प्रणाली, राजनीति र कर्मचारीतन्त्र बढी जिम्मेवार हुने आकलनका आधारमा सोहीअनुसार मुलुकी ऐन १९१० र नेपालको संविधानसहित विभिन्न नीति, ऐन, कानुन, निर्देशिका, कार्यविधिलगायत सरकारका योजना, बजेट र प्रमुख चारवटा राजनीतिक दलका घोषणपत्रलाई अध्ययनका लागि छनोट गरिएको छ । मुख्य उत्तरदाता अन्तर्वार्ता र छलफलमा विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा अध्ययन-अनुसन्धान, नीति निर्माण र कार्यान्वयनका लागि जिम्मेवार जनप्रतिनिधि, उच्चपदस्थ एवम् विशिष्ट श्रेणीका सरकारी अधिकारीलाई सरोकारवालाका रूपमा पहिचान गरी छनोट गरिएको छ ।

**उत्तरदाताको विवरण**

अध्ययनलाई अन्वेषणात्मक र प्रभावकारी बनाउन मुख्य उत्तरदाताका रूपमा सांसद, राजनीतिक दलका नेता र विज्ञान तथा सूचना प्रविधि हेर्ने विभागका प्रमुख वा प्रतिनिधि, नेपाल सरकारका सरोकारवाला मन्त्रालयका विशिष्ट श्रेणीसहित उच्चपदस्थ अधिकारी, विश्वविद्यालयका उपकुलपति र प्राध्यापक, नास्ट, नार्क, रिकास्टलगायत विज्ञान तथा सूचना प्रविधिको क्षेत्रका विज्ञ, वैज्ञानिक खोज-अनुसन्धानमा काम गरिरहेका अनुसन्धानकर्ता, कानुनविद् र यस क्षेत्रका केही पत्रकारसहित करिब तीन दर्जन व्यक्तित्वसँग अन्तर्वार्ता गरिएको छ ।

ALTERNATIVE FOUNDATION

Think Alternative! Do Alternative!

## मुख्य नतिजाको सारांश

देश विकास र वैज्ञानिक खोज-अनुसन्धान प्रवर्द्धन गर्न नयाँ नीतिको आवश्यकता कती छ भनेर सोधिएको प्रश्नमा, ६७ दशमलव ७४ प्रतिशत उत्तरदाताले धेरै आवश्यक रहेको बताए भने १६ दशमलव १३ प्रतिशतले केही मात्रामा आवश्यक छ र १६ दशमलव १३ प्रतिशतले आवश्यक छैन भन्ने जवाफ दिएका छन् । राज्य र राजनीतिक दलको नीति निर्माणमा तथ्याङ्कको प्रयोग र सहभागिता कस्तो छ भनेर सोधिएको प्रश्नमा, ६४ दशमलव ५० प्रतिशत उत्तरदाताले केही मात्रामा हुन्छ, २२ दशमलव ६० प्रतिशतले हुँदैन र १२ दशमलव ९० प्रतिशतले पर्याप्त हुन्छ भने जवाफ दिएका छन् । राजनीतिक दलका नीतिमा विज्ञानमैत्री अवस्था कस्तो छ भनी सोधिएको प्रश्नमा, ७४ दशमलव १९ प्रतिशत उत्तरदाताले धेरै विज्ञानमैत्री छैन, २२ दशमलव १९ प्रतिशतले विज्ञानमैत्री छैन र ३ दशमलव २३ प्रतिशतले विज्ञानमैत्री छ भने जवाफ दिएका छन् ।

## मुख्य निश्कर्ष

यस परियोजनाअन्तर्गत गरिएको सन्दर्भ-सामग्रीको अध्ययन, मुख्य उत्तरदाता अन्तर्वार्ता, विभिन्न विषयगत विज्ञ र सरोकारवालासँगको छलफल तथा अन्तरक्रिया र नीति विश्लेषणका आधारमा अध्ययन टिम निम्न निष्कर्षमा पुगेको छ :

- देश विकासका लागि राजनीतिक, सामाजिक परिवर्तनसँगै राज्यका नीति पनि सोही बमोजिम समयसापेक्षित हुनुपर्नेमा तोकतान्त्रिक गणतन्त्र आएको झण्डै १५ वर्ष भइसक्दा पनि पञ्चायतकालीन नीतिबाट नै राज्य सञ्चालन भइरहेको पाइयो । यसले राज्यको मुख्य पक्ष राजनीति र कर्मचारीतन्त्रको उदासिनता उजागर गर्दछ ।
- विज्ञान-प्रविधिको विकाससँगै नागरिक चेतना, अपेक्षा र आवश्यकता धेरै अगाडि बढिसकेको छ । तर, पुराना नीतिद्वारा सञ्चालित राज्यले प्रभावकारी काम गर्न नसक्दा राज्यप्रति नागरिक विश्वास कमजोर हुँदै गइरहेको देखिन्छ ।
- मौजुदा नीति परम्परावादी र अवैज्ञानिक हुँदा नागरिक चेतना, आवश्यकता र विज्ञान-प्रविधि अगाडि-अगाडि नीति पछाडि-पछाडि हुनपुगेको देखिन्छ ।
- नीति निर्माण गर्दा सरोकारवालासँग पर्याप्त छलफल र अध्ययन-अनुसन्धान नहुनुका साथै तथ्याङ्कको प्रयोग कमजोर रहेको पाइयो । यसरी तर्जुमा गरिएको नीति कार्यान्वयन चुनौतीपूर्ण भइरहेको र हुने देखिन्छ ।
- विकसित देशमा सृजना र नयाँ कुरालाई प्रोत्साहन गरेको पाइन्छ । तर, नेपालमा नयाँ र सृजनाभन्दा नजिरमा विश्वास गरिन्छ । यस्तो नीतिगत अभ्यासबाट क्रमभङ्गतामा योगदान हैन, निरन्तरताको निरन्तरतामा मलजल पुगिरहेको देखिन्छ ।
- प्रायः नीतिमा नीतिगत भ्रष्टाचार स्पष्ट देखिन्छ । नीतिमा कर्मचारीतन्त्रको मनोविज्ञानले पर्याप्त स्थान पाएको छ । यसबाट काममा ढिल्लासुस्ती हुनुका साथै परिणामविहीनताको निरन्तरता भइरहेको देखिन्छ ।

- मौजुदा नीतिले देश विकासको राष्ट्रिय लक्ष्य, माहौल र मनोविज्ञान निर्माण गर्न नसकेको पाइयो । नीतिगत कमजोरीकै कारण राज्यकोषबाट सेवा-सुविधा लिने प्रायः मान्छे फरकफरक दिशातर्फ फर्किएको देखिन्छ ।
- मौजुदा नीति रूढीवादी दृष्टिकोण र परम्परागत सामाजिक सांस्कृतिक सत्ताबाट धेरै प्रभावित भएर तर्जुमा गरिएको देखिन्छ । मौजुदा नीतिले प्रक्रियाको ग्यारेन्टी गर्ने तर परिणामप्रति उल्लेख्य चासो र सरोकार नराख्ने देखिन्छ । प्रक्रिया प्रदान नीतिका कारण देश विकास पिंजडाको सुँगा भइरहेको छ ।
- नीति निरपेक्ष हुनुपर्ने कुरामा अस्वाभाविक सापेक्ष छन् र सापेक्ष हुनुपर्ने कुरामा अस्वाभाविक निरपेक्ष छन् । अतः मौजुदा नीति र प्रणालीबाट नेपालको विकास हुनै नसक्ने स्पष्ट छ । त्यसकारण मौजुदा नीति र प्रणालीमा तत्काल आमूल परिवर्तन अनिवार्य देखिन्छ ।

प्रतिवेदनको विस्तृत प्रति निम्न लिंक वा QR गरी डाउनलोड गर्न सकिन्छ ।
https://alternativefoundation.org.np/policy-audit-2080/

प्रकाश विकल्प
अध्यक्ष
अल्टरनेटिभ फाउण्डेशन
मध्यवानेश्वर, काठमाडौं ।
फोन: ९७७-१-४५७४९०९
इमेल: af.alternativefoundation@gmail.com
वेबसाइड: www.alternativefoundatition.org.np

२१ कार्तिक, २०८०